# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश

हेटौंडा, नेपाल


मितिः २०८३/०६/०१

पत्र संख्याः- ०८३/८४

चलानी नं.:- ६१

**विषयः माग आकृति फाराम भरी पठाउने सम्बन्धमा ।**

श्री काठमाडौं महानगरपालिका, काठमाडौं ।
श्री ललितपुर महानगरपालिका, ललितपुर ।
श्री भरतपुर महानगरपालिका, चितवन ।
श्री हेटौंडा उप-महानगरपालिका, मकवानपुर ।
श्री नगरपालिका सबै, बागमती प्रदेश ।

उपर्युक्त विषयमा यस आयोगको आ.व. २०८३/८४ को वार्षिक पदपूर्ति कार्यतालिका बमोजिम विभिन्न सेवा, समूह, उपसमूहका अधिकृतस्तर नवौं तहका पदहरूको विज्ञापन/सूचना असोज महिनाको चौथो बिहिवार प्रकाशन गर्ने व्यवस्था रहेको छ । तत् सम्बन्धमा प्रदेश किताबखानामा दर्ता भएका त्यस पालिकाको स्वीकृत स्थायी दरवन्दी अनुसार रिक्त रहेका अधिकृतस्तर नवौं तहका पदहरूमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को अनुसूची-१ बमोजिमको माग आकृति फाराम भरी तपशीलका विवरणहरू सहित मिति २०८३/०६/१५ गतेभित्र यस आयोगमा आइपुग्ने गरी पठाई दिनु हुन मिति २०८३/०६/०१ को निर्णयानुसार अनुरोध छ।

__तपशील__

१) रिक्त दरबन्दी पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने सम्बन्धी कार्यपालिका बैठकको निर्णयको प्रतिलिपि वा पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत दुवैको दस्तखत भएको माग आकृति फाराम ।

२) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दी विवरण वा नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएकोमा प्रदेश किताबखानामा दर्ता भएको स्वीकृत दरबन्दी विवरण ।

__बोधार्थः__

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को
कार्यालय, बागमती प्रदेश ।
श्री प्रदेश किताबखाना,
हेटौंडा, मकवानपुर ।

*माग आकृति फारामको सफ्ट कपी .docx file माथिको क्यू.आर. कोड स्क्यान गरी डाउनलोड गर्न सकिनेछ*

२०८३-०६-०१
(देवी प्रसाद पोखेल)
शाखा अधिकृत